राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.

ने.रा.बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## केन्द्रीय कार्यालय
## मानव संशाधन विभागको

# सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३।०५।२८)

यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुमा रिक्त रहेको निम्न तह र पदमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकोले आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका तथा कुनै वात कसुर नलागेका इच्छुक योग्य नेपाली नागरिकहरुवाट दरखास्त आह्वान गरिएको छ । बैंकले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ आफुले प्राप्त गरेको नागरिकता तथा एस.एल.सी. वा सो सरह र सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्र तथा ट्रान्सकृप्टहरुको प्रतिलिपी स्वयम्ले प्रमाणित गरी हालैसालै खिचिएको २ प्रति पासपोर्ट साईजको फोटो टाँसी यस बैंकको केन्द्रीय कार्यालय सिंहदरवार प्लाजा काठमाण्डौमा पेश गर्नु पर्नेछ । दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय सिंहदरवार प्लाजावाट रु.१००।– (रु. एक सय) नगद तिरी प्राप्त गर्न सकिनेछ । नेपाल सरकारको सेवा र नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले दरखास्त साथ विभागीय स्वीकृति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । परीक्षा दस्तुर यस बैंकको "आम्दानी अन्यको अन्य" लेखा कोड नं. ९५९९०२००० हिसावमा जम्मा गरेको सक्कलै अधकट्टी भौचर दरखास्त फारामसाथ पेश गर्नु पर्नेछ ।

म्याद नाघी आएको, रित नपुगेको तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता नपुगेका र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्थाको सेवावाट भविष्यमा अयोग्य ठहरिने गरी अवकाश पाएको, नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र मानसिक सन्तुलन ठिक नभएको उम्मेदवारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१) विज्ञापन नं. तह, पद, सेवा, समूह र आवश्यक पद संख्या :

| विज्ञापन नं. | तह | पद | सेवा | समूह | पद संख्या | खुला | समावेशी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | आदिवासी / जनजाती | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
| २९।०७३।७४ | ६ | सहायक प्रबन्धक | प्रशासन | प्रशासन | ६९ | ३८ | १० | ८ | ७ | ३ | २ | १ |
| ३०।०७३।७४ | ५ | वरिष्ठ सहायक | प्रशासन | प्रशासन | १९ | १० | ३ | २ | २ | १ | १ | ० |
| ३१।०७३।७४ | ५ | वरिष्ठ सहायक (नगद) | प्रशासन | नगद | ५० | २८ | ७ | ६ | ५ | २ | १ | १ |
| ३२।०७३।७४ | ५ | वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) | प्रशासन | सूचना प्रविधि | ६ | ३ | १ | १ | १ | ० | ० | ० |
| ३३।०७३।७४ | ४ | सहायक | प्रशासन | प्रशासन | ५५ | ३० | ८ | ७ | ६ | २ | १ | १ |
| ३४।०७३।७४ | ४ | सहायक (नगद) | प्रशासन | नगद | ५० | २८ | ७ | ६ | ५ | २ | १ | १ |

(२) सेवाको किसिम :– स्थायी ।

(३) आवश्यक न्यूनतम शैक्षिक योग्यता :– (क) सहायक प्रवन्धक पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थावाट अर्थशास्त्र वा व्यवस्थापन तर्फ स्नातकोत्तर उपाधि हासिल गरेको ।

(ख) वरिष्ठ सहायक तथा वरिष्ठ सहायक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थावाट व्यवस्थापन वा अर्थशास्त्र वा वाणिज्यशास्त्रमा स्नातकस्तर उपाधि हासिल गरेको ।

(ग) वरिष्ठ सहायक (कम्प्यूटर अपरेटर) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्प्युटर (Computer) वा कम्प्यूटर साइन्स (Computer Science) वा कम्यूनिकेशन (Communication) वा सूचना प्रविधि (Imformation Technology) विषयमा स्नातक स्तरको उपाधि हासिल गरेको ।

(घ) सहायक तथा सहायक (नगद) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थावाट १०+२ (१० जोड २) वा सो सरहको उपाधि हासिल गरेको ।

(४) दरखास्तको आधार :– समावेशी समूहको लागि छुट्याइएको पदमा दरखास्त दिने उम्मेदवारले देहायको आधारमा दरखास्त दिनु पर्नेछ । खुल्ला र समावेशी समूहका लागि छुटाछुट्टै दरखास्त फाराम नभरी एउटै दरखास्त फाराम भर्नु पर्नेछ ।

(क) आदिवासी / जनजातीका हकमा नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी / जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा वढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ख)मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदवाट अपाङ्गता प्रमाणित गरेको आधारमा ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्वन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउं विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

(५) तलव तथा अन्य सुविधा :– बैंकको प्रचलित नियम अनुसार ।

(६) उम्मेदवारको उमेर :– दरखास्त दिने अन्तिम मिति (अर्थात २०७३।०६।२८ गते) सम्ममा (क) सहायक प्रवन्धक तह ६ का लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । (ख) अन्य सहायक स्तर तह ४ र ५ का लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको ।

(७) उमेरको हद :– यस बैंकको वहालवाला स्थायी कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन ।

(८) उम्मेदवारको छनौट विधि :– लिखित तथा अन्तर्वार्ता, सहायक प्रवन्धक पदको हकमा लिखित प्रस्तुतीकरण तथा अन्तर्वाता ।

(९) अन्य सेवा शर्त :– राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७० बमोजिम ।

(१०) परीक्षणकाल अवधि : महिला कर्मचारीलाई ६ महिना र पुरुष कर्मचारीलाई १ वर्ष ।

(११) पदस्थापन :– उपरोक्त विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीलाई यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय र शाखा कार्यालयहरुमा काम गर्ने गरी पदस्थापन गरिनेछ ।

(१२) परीक्षा दस्तुर :– (क) सहायक प्रवन्धक, तह ६ को खुलाका लागि रु. ७००।–(सात सय) र प्रत्येक समावेशी समूहमा सहभागी हुन थप रु. २००।– (दुई सय) ।
(कुनै एक समावेशी समूहमा मात्र दरखास्त फाराम भरेमा रु. ७००।– (सात सय) तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त फाराम भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. २००।–(दुई सय) ।)
(ख) सहायक स्तर तह ४ र ५ को खुलाका लागि रु. ५००।–(पाँच सय) र प्रत्येक समावेशी समूहमा सहभागी हुन थप रु. १००।– (एक सय) ।
(कुनै एक समावेशी समूहमा मात्र दरखास्त फाराम भरेमा रु. ५००।– (पाँच सय) तथा एक भन्दा बढी समावेशी समूहमा दरखास्त फाराम भरेमा प्रत्येक थप समावेशी समूहका लागि थप रु. १००।–(एक सय) ।)

(१३) दरखास्त बुझाउने मिति :– यो सूचना प्रकाशित मितिले ३० दिन (अर्थात मिति २०७३।०६।२८ गते) भित्र र दोब्वर दस्तुर तिरी थप ७ दिन भित्र (अर्थात मिति २०७३।०७।०५ गते सम्म) ।

(१४) दरखास्त बुझाउने स्थान :– यस बैंकको केन्द्रीय कार्यालय सिंहदरवार प्लाजा, काठमाण्डौ ।

(१५) परीक्षा हुने स्थान र मिति :– पछि सूचना प्रकाशित गरिनेछ ।

(१६) समकक्षता निर्धारण प्रमाणपत्र :– उपर्युक्त पदमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त भएको र समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(१७) दरखास्त फाराम र लिखित परीक्षाको पाठ्यक्रम राष्ट्रिय वाणिज्य बैंकको Website: www.rbb.com.np को Career Notice मा राखिएको छ । वेवसाइटबाट डाउनलोड गरिएको दरखास्त फाराम बुझाउँदा दरखास्त फारामको दस्तुर बापत थप रु. १००।– बुझाउनु पर्नेछ ।

(१८) उपरोक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

(१९) आवेदन स्विकृत, अस्विकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाइ हुनेछ ।

सदस्य सचिव
पदपुर्ति समिति